नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

प्रेस विज्ञप्ति – प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यस्थल बीमा

२०७६ माघ १०

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरु मध्येबाट एक सय दिनको न्यूनतम रोजगारीमा खटिने श्रमिकहरुकालागि *सामूहिक कार्यस्थल सुरक्षा बीमा* गरिएको छ। उक्त बीमा नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रिय बीमा कम्पनी लिमिटेडमा गरिएको हो । सामूहिक बीमाको प्रति व्यक्ति बिमाङ्क रकम सात लाख रुपैंया रहेको छ । बीमित श्रमिकको बीमालेखको अवधि श्रमिक नियुक्ति भएको दिनबाट एक सय दिनसम्म कायम रहने व्यवस्था मिलाइएको छ । यो बीमा कार्यक्रम चालु आर्थिक वर्षको लागि २०७६ माघ १ देखि २०७७ असार मसान्त सम्म कायम रहनेछ । यस बीमा कार्यक्रम अन्तर्गत उक्त अवधिमा न्यूनतम रोजगारीमा खटिने कुनै श्रमिकको मृत्यु भएमा रु. सात लाख, अशक्त भएमा शारीरिक अशक्तताको अवस्था अनुसारको सुविधा रकम तथा दुर्घटना भई उपचार गराउनु परेमा अधिकतम रु. एक लाख सम्म औषधोपचार सुविधा प्राप्त गर्नेछन् । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको यो बीमा कार्यक्रमबाट रोजगारीमा खटिने सबै श्रमिकको सुरक्षाको सुनिश्चितता हुने भएकाले उनीहरुले सुरक्षित कार्य वातावरणमा रोजगारी गर्ने विश्वास लिईएको छ ।

(सुमन घिमिरे)
प्रवक्ता